# त्रि.वि. व्यवस्थापन संकाय, डीनको कार्यालयको प्रवेश परीक्षा (Central Management Admission Test - CMAT) - 2020 सम्बन्धी

## अत्यन्त जरुरी सूचना

यस व्यवस्थापन संकायद्वारा संचालित सेमेष्टर प्रणाली अन्तर्गत स्नातक तहका BBA, BBM, BIM, BHM, BTTM, BPA, BMS र BBA-F कार्यक्रमको लागि लिईने प्रवेश परीक्षा (CMAT) - सन् २०२० र उल्लेखित कार्यक्रममा भर्ना सम्बन्धी देहाय अनुसारको व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) व्यवस्थापन संकायद्वारा संचालन हुने सेमेष्टर प्रणालीको स्नातक तहमा भर्ना हुन मान्यता प्राप्त शिक्षण संस्थाबाट 10+2 वा सो सरहको तहमा कम्तीमा दोश्रो श्रेणीमा उत्तिर्ण भएको वा कक्षा ११ र १२ मा हरेक विषयमा कम्तीमा D+ Grade का साथमा CGPA 1.8 वा सो भन्दा बढी प्राप्त गरेको हुनुपर्नेछ ।

२) व्यवस्थापन संकायद्वारा संचालन हुने सेमेष्टर प्रणालीको स्नातक तहमा भर्ना हुन चाहने विद्यार्थीहरुले यस संकायको website: www.fomecd.edu.np or www.tudoms.org बाट प्रवेश परीक्षा (CMAT) को Online Application Form भरी कार्यक्रम संचालन भएको क्याम्पस/कलेज मार्फत आवश्यक Certificate लगायतका कागजात संलग्न गरि बुझाउनु पर्नेछ ।

३) व्यवस्थापन संकाय, डीनको कार्यालय, परीक्षा नियन्त्रण महाशाखाले प्रवेश परीक्षा केन्द्र प्रकाशन गरेपश्चात् सम्बन्धित क्याम्पस / कलेजले www.tudoms.org को Staff Log in मा आफ्नो क्याम्पस / कलेज को User name र Password बाट Log in गरि सोहि बमोजिमको प्रवेश परीक्षा केन्द्र, मिति र समय Update गरे पश्चात् सम्बन्धित परीक्षार्थीले आफ्नो प्रबेश पत्र Print गर्न सक्नेछ ।

४) प्रवेश परीक्षा (CMAT) को प्रवेश पत्रमा उल्लेख भएको Campus Code र CMAT Roll no. परीक्षार्थीले प्रवेश परीक्षाको हाजिरी र उत्तर पुस्तिकामा अनिवार्य उल्लेख गर्नुपर्ने छ अन्यथा परीक्षा समितिको निर्णयानुसार हुनेछ ।

५) व्यवस्थापन संकाय, डीनको कार्यालयले प्रवेश परीक्षा (CMAT) को नतिजा प्रकाशन गरेपश्चात् मात्र उक्त परीक्षा उर्त्तिण भएका विद्यार्थीहरुका लागि कम्तीमा ५ (पाँच) दिनको समय दिई सम्बन्धित क्याम्पस/कलेजहरुले विद्यार्थी भर्नाका लागि आवेदन आव्हान गर्नु पर्ने छ ।

६) प्रवेश परीक्षा (CMAT) उर्त्तिण विद्यार्थीहरुले कार्यक्रम संचालन भएका जुनसुकै क्याम्पस / कलेजमा भर्नाका लागि आवेदन दिन सक्नेछन् र यसरी आवेदन दिएका विद्यार्थीहरुमध्येबाट छनौट प्रकृया अगाडी बढाउनु पर्नेछ ।

७) यस संकायले तोकेको भर्नाको आधार अनुसारको योग्यताक्रम (Merit Basis) नतिजा प्रकाशन गरी सम्बन्धित क्याम्पस/कलेजहरुले विद्यार्थी भर्ना लिनु पर्ने छ ।

८) BBA, BBM, BIM, BPA, BTTM, BMS, BHM र BBA-F मा प्रत्येक क्याम्पस/कलेजले तोकिएको संख्यामा प्रति सेक्सन विद्यार्थी भर्ना गर्दै आएकोमा प्रवेश परीक्षा (CMAT) मा सम्मिलित भई भर्नाका लागि योग्य ठहरिएका विद्यार्थीहरुबाट अनिवार्य रुपमा आवेदन आव्हान गरि विद्यार्थी भर्ना कोटाको १० प्रतिशतले हुन आउने विद्यार्थीहरुलाई क्याम्पस/कलेजले अनिवार्य छात्रवृत्ति उपलब्ध गराउनु पर्ने छ । छात्रवृत्ति कोटामा विद्यार्थी भर्ना देहायको प्राथमिकताक्रमको आधारमा योग्यताक्रम अनुसार छनौट गर्नु पर्नेछ :-

   क) नेपालका सामुदायिक मा.वि. बाट प्रवेशिका र सामुदायिक उच्च मा.वि. बाट दश जोड दुई परीक्षा उत्तिर्ण गरेको ।

   ख) नेपालको सामुदायिक उच्च मा.वि. बाट दश जोड दुई परीक्षा उत्तिर्ण गरेको ।

   ग) नेपालका सामुदायिक मा.वि. बाट प्रवेशिका परीक्षा उत्तिर्ण गरेको ।

   घ) छात्रवृत्ति सम्बन्धी नेपाल सरकारद्वारा निर्धारण गरिएको आधारहरुलाई समेत मार्गनिर्देशक आधारका रुपमा लिनु पर्नेछ । साथै सामुदायिक विद्यालयबाट अध्ययन गरेका विद्यार्थीहरु प्राथमिकता सूचिमा राख्दा प्रवेशिका र दश जोड दुई दुवै सामुदायिक विद्यालयबाट अध्ययन गरेका विद्यार्थीलाई पहिलो प्राथमिकता सूचिमा र दुई मध्ये एक मात्र सामुदायिक विद्यालयबाट अध्ययन गरेका विद्यार्थीलाई दोश्रो प्राथमिकता सूचिमा राखि छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

**नोटः** छात्रवृत्ति कोटामा भर्ना भएका विद्यार्थीको सूचि भर्ना गरिएको १५ दिन भित्र अनिवार्यरुपमा यस संकाय, डीनको कार्यालयमा पठाउनु पर्नेछ । उक्त छात्रवृत्ति प्राप्त विद्यार्थीको सूचि यस संकायको वेभ पेजमा प्रकाशित गरिने छ ।

**९) प्रवेश परीक्षा (CMAT) - सन् २०२० मा सम्मिलित भै भर्नाका लागि आवश्यक न्यूनतम योग्यता पुगेका विद्यार्थीहरुको भर्नाको आधार निम्नानुसार कायम गरिएकोछ :-**

**BBA, BBM, BIM, BPA र BBA-F कार्यक्रमको लागि**

- प्रवेश परीक्षा (CMAT) प्राप्ताङ्कको ६० प्रतिशत
- दश जोड २ वा सो सरह उत्तिर्ण प्राप्ताङ्क प्रतिशतको ३० प्रतिशत
- अन्तर्वार्ता १० प्रतिशत

**BHM, BTTM र BMS कार्यक्रमको लागि**

- प्रवेश परीक्षा (CMAT) प्राप्ताङ्कको ५० प्रतिशत
- दश जोड २ वा सो सरह उत्तिर्ण प्राप्ताङ्क प्रतिशतको ३० प्रतिशत

- समुह छलफल १० प्रतिशत
- अन्तर्वार्ता १० प्रतिशत

१०) प्रवेश परीक्षा शूल्क प्रति विद्यार्थी रु १,०००।- (एक हजार मात्र) कायम गरिएको छ । उक्त रकममा रु १०० (रु एक सयमात्र) सम्बन्धित क्याम्पस/कलेजको कोषमा राखि बाँकी प्रति विद्यार्थी रु ९०० (नौसय मात्र) का दरले हुन आउने रकम त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन संकाय, डीनको कार्यालयको ने.बै.लि. कीर्तिपुरको च.हि.नं. ००४५-००१-०००९९०६६००००००१ मा जम्मा गरेको भौचर Attached गरि Approved Online Application Form Forward गरिसक्नु पर्नेछ ।

११) प्रवेश परीक्षा (CMAT) – 2020 उर्त्तिण गरी सबै छनौट प्रकृयामा सरिक भएका विद्यार्थीहरु मात्र भर्नाका लागि योग्य हुने छन् । साथै अन्तरवार्ता र समुह छलफलको मूल्यांकन बापतको अंक न्यूनतम चालिस प्रतिशत हुने र असी प्रतिसत भन्दा बढी भएमा औचित्य पुष्टि गर्नु पर्नेछ ।

१२) स्नातक तहका BBA, BBM, BIM, BHM, BTTM, BPA, BMS र BBA-F कार्यक्रम संचालन गरेका क्याम्पस कलेजले CMAT प्रयोजनका लागि Web page: www.tudoms को Staff log in लिन छुट भएका क्याम्पस / कलेजले यस डीन कार्यालयमा सम्पर्क गरि User name and Password लिन सक्नुहुनेछ ।

सहायक डीन
परीक्षा नियन्त्रण महाशाखा